श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. २१८

पुनरावेदन नं. ०७७-RB-०२०२

दर्ता मितिः २०७७।०६।२५

मुद्दाः- अन्तःशुल्क (२०७१/०७२) ।

का.जि.का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वरमा संचालनमा रहेको ईभर स्टार मोटर्स प्रा.लि. (स्थायी लेखा नं. ३०४९६१८४५) को तर्फबाट अख्तियारी प्राप्त अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठ........................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर...............................................१
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट...................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री लाल प्रसाद शर्मा पंगेनी

शुरु निर्णय मिति : २०७६/०८/१५

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७/०३/१२

**उपस्थित कानून व्यवसायीहरु**

**पुनरावेदकका तर्फबाट** : विद्वान अधिवक्ता श्री भरत कुमार लकाई

: विद्वान अधिवक्ता श्री तारादेव जोशी

**प्रत्यर्थी कार्यालयहरूको तर्फबाट** : विद्वान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्बित नजीरः-** मोहन लक्ष्मी मास्के बिरुद्ध अर्थ मन्त्रालय ने.का.प.२०६७ नि.न. ८२९४

आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट करदाता ईभर स्टार मोटर्स प्रा.लि. को (आ.व. ०७१/०७२) को अन्तःशुल्क सम्बन्धमा मिति २०७६/०८/१५ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा मिति २०७६/१०/१२ मा निवेदन दिएकोमा शुरू कार्यालयले अन्तःशुल्क ऐन, २०५८ अनुसार नै कर निर्धारण गरेको कानून सम्मत देखिएकोले करदाताको जिकिर पुग्न नसक्ने भनी मिति २०७७।०३।१२ मा बिभागका महानिर्देशकबाट भएको निर्णय समेत उपर अन्तःशुल्क ऐन, २०५८ को दफा १९(६) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरको कार्यक्षेत्र अन्तर्गतका सवारी साधनहरूको उत्पादन तथा कारोबार गर्ने करदाता श्री इभर स्टार मोटर्स प्रा.लि (स्थायी लेखा नम्बर ३०४९६१८४५) को विल वीजक, खरिद विक्री खाता तथा अन्य कागजातको कर लेखा परीक्षण सम्पन्न भई पेश गरेको कर लेखा परीक्षण प्रतिवेदनको आधारमा लाग्ने अन्तःशुल्क र जरिवाना समेत जम्मा रू. १८,९४,७६२।०० को अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ तथा नियमावली, २०५९ को नियम ६(क)(१) बमोजिम अन्तःशुल्क निर्धारण गर्नुपर्ने देखिएको भनी आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट मिति २०७६।०७।०७ मा करदाताको नाममा सूचना जारी भएको।

२. यस कम्पनीको आ.व. ०७१/०७२ आयात रू.१८,४४,४००।०० लाई थप आयात कायम गरी सो खरिद भएको वस्तु अन्तः शुल्क एवं मूल्य अभिबृद्धि कर लाग्ने सवारी साधन उत्पादन कार्यमा प्रयोग भई विक्री समेत हुने हुंदा उक्त न्यून खरिद रकमलाई यस आ.व. को थप खरिद कायम गरी कम्पनीको यस आ.व. को नाफा नोक्सान हिसाव तर्फ देखाएको औषत मूनाफा (८५.१) प्रतिशत ले हुने रू.१५,६९,५८४।४ समेत जम्मा रू.३४,१३,९८४।०० लाई २०७२ आषाढ महिनाको थप विक्री कायम गर्नुपर्ने देखियो। अन्तः शुल्क ऐन, २०५८ को दफा १०घ को उपदफा (१) खण्ड (ख) बमोजिम २० प्रतिशतले लाग्ने अन्तःशुल्क रू.६,८२,७९७।०० निर्धारण गरी सोही ऐनको दफा १६(१)(क) वमोजिम विगो वमोजिमको जरिवाना रू.६,८२,७९७।०० उक्त अवधिमा करदाताले अन्तः शुल्क डेविट विवरण पेश गरेकोले, सोही ऐनको दफा ४(ख) को उपदफा (२) वमोजिम भुक्तानी गर्न वांकी रकम रू.६,८२,७९७।०० मा प्रतिदिन ०.०५ प्रतिशतको दरले २०७६ कार्तिक २५ सम्मको लाग्ने विलम्ब शुल्क

रू.५,२९,१६८।०० समेत जम्मा रू.१८,९४,७६२।०० अन्तः शुल्क नियमावली, २०५९ को नियम ६क.(१) वमोजिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा करदातालाई निर्णयको सूचना बुझिलिनको लागि बारम्बार ताकेता गर्दा पनि पत्र बुझ्न अस्वीकार गरेको हुंदा यस कार्यालयको **Email** बाट मिति २०७६ कार्तिक १७ मा करदाताको **Email ID esmpl@live.com** मा सूचना पठाईएको, सोहि दिन नै उक्त सूचना हुलाक मार्फत करदाताको ठेगानामा समेत पठाइएकोमा करदाताले हालसम्म पनि कुनै जवाफ तथा ठोस सवुत प्रमाण पेश नगरेको साथै सम्पर्कमा समेत नआएको हुंदा प्रारम्भिक कर निर्धारण आदेशलाई करदाताले स्वीकार गरेको नै मान्नु पर्ने देखियो। अतः यस कार्यालयको पत्र संख्या २०७६।०७७ च.नं. २४५ मिति २०७६।०७।०७ मा जारी गरिएको निर्धारण आदेशमा कुनै परिवर्तन गर्नुपर्ने अवस्था नरहेकोले सोही कारण र आधारमा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ तथा नियमावली, २०५९ को नियम ६क.(१)वमोजिम अन्तःशुल्क निर्धारण आदेश बमोजिम करदाताको आ.व. २०७१।०७२ को लागि रू.१८,९४,७६२।००(अक्षरेपी अठार लाख चौरानब्बे हजार सात सय बैसठ्ठि मात्र) कर निर्धारण गर्ने भनी आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट मिति २०७६/०८/१५ मा खडा भएको निर्णय पर्चा।

३. आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरले मिति २०७६/०८/१७ मा जारी गरेको आ.व. २०७१/०७२ को अन्तःशुल्क तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी ईभर स्टार मोटर्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/१०/१२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

४. आफ्नो क्षेत्राधिकार नै नरहेको बिषयमा अन्तः शुल्क निर्धारण गरेको कानूनी रूपमा त्रुटीपूर्ण रहेको तथा तोकीएको बर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेमा म्याद नघाइ कर निर्धारण भएकोले बदरयोग्य भएको भनी जिकिर सम्बन्धमा करदातालाई अन्तःशुल्क सम्बन्धी काम गर्न सहज होस् भनेर कारखाना रहेको भौगोलिक क्षेत्रको आन्तरिक राजस्व कार्यालयलाई समेत अन्तःशुल्कको प्रशासन गर्न तोकिएको तथा नेपाल सरकारको निर्णयबाट सबै कर अधिकृतलाई अन्तः शुल्क अधिकृतको कार्य गर्ने गरी तोकिसकेको अबस्थामा कम्पनी दर्ता रहेको कार्यालयलाई क्षेत्राधिकार नरहेको भन्नु कानून सम्मत देखिदैंन, अन्तः शुल्क निर्धारणको सम्बन्धमा अन्तः शुल्क ऐन, २०५८ मा हदम्याद नरहेको हुंदा म्याद नघाई अन्तः शुल्क निर्धारण भएको भन्ने जिकिर खारेज योग्य छ भनी कार्यालयले अन्तःशुल्क ऐन, २०५८ अनुसार अन्तःशुल्क निर्धारण गरेको देखिंदा सो अन्तिम कर निर्धारण कानून सम्मत देखिएकोले करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णय ।

५. आन्तरिक राजस्व कार्यालय, नयां बानेश्वरले करदातालाई मिति २०७६।०७।०७ मा सबुत प्रमाण पेश गर्न भनी जारी गरिएको भनिएको १५ दिने म्याद सूचना पुनरावेदक करदातालाइ प्राप्त भएको थिएन/छैन,पत्र बुझ्न इन्कार गरिएको भनाई सत्य होइन। हुलाक मार्फत पत्र जारी गरेको भनिएको पत्र हालसम्म करदातालाई प्राप्त भएको छैन।कानून बमोजिम तोकिएको बर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेमा म्याद नघाइ कर निर्धारण भएको छ ।यस बर्षको थप खरिद रकम रु. १८,४४,४००।–लाई यस आ.व.को थप खरिद कायम गरिएको रहेछ।उक्त रकम कम्पनीको यस आ.व. को नाफा नोक्सान हिसाव तर्फ देखाएको औषत मुनाफा ८५.१ प्रतिशतले हुने रु. १५,६९,५८४।४ समेत जम्मा रु. ३४,१३,९८४।- लाई २०७२ आषाढ महिनाको थप विक्रि कायम गरी अन्तः शुल्क ऐन, २०५८ को दफा १० (घ) को उपदफा (१) खण्ड (ख) बमोजिम उक्त विक्रि मूल्यको २० प्रतिशतले लाग्ने अन्तः शुल्क रु. ६,८२,७९७१- निर्धारण गरी सोही ऐनको दफा १६ (१) (क) बमोजिम विगो ऐनको दफा ४ (ख) को उपदफा (२) बमोजिम भुक्तानी गर्न बाँकी रकम रु.६,८२,७९७/- मा प्रति दिन ०.०५ प्रतिशतको दरले २०७६ कार्तिक २५ सम्मको लाग्ने बिलम्व शुल्क रु. ५,२९,१६८।-समेत जम्मा रु. १८,९४,७६२/- अन्तः शुल्क असुल गर्नु पर्ने गरी गरिएको निर्णयमा तथ्यगत प्रमाणको पूर्णत अभाव छ।पार्टसको आयात भएको अवस्थामा अन्तः शुल्क लाग्दैन। बिपक्षीले तथ्यमा प्रवेश नै नगरी थप कर भार बहन गराउने गरी भएको निर्णय र आदेश पुर्णतःत्रुटीपूर्ण छ बदर गरी पाँऊ। करदातालाई थप कर रकम सम्बन्धमा सबुत प्रमाण पेश गर्ने यथेष्ट अबसर नदिई सूचना प्राप्त गरे नगरेको एकिन नगरी कानूनका मान्य सिद्धान्त बिपरित अनुमानको भरमा थप अन्तशुल्क, विलम्ब शुल्क र जरिवाना समेत कर निर्धारण गरेको अन्तः शुल्क ऐन, २०५८ को कानूनी प्रावधानको विपरित रहेको, विपक्षीले कर निर्धारण गर्दा लिएका आधार र कारण समेत कानून सम्मत नहुँदा विपक्षीको मिति २०७६।०७।०७ को गरिएको प्रारम्भिक कर निर्धारण आदेश, मिति २०७६।८।१५ को अन्तिम कर निर्धारण आदेश र सोही बमोजिम जारी मिति २०७६।८।१७ को सूचना आदेश र विपक्षी आन्तरिक राजश्व विभागबाट भएको मिति २०७७।३।१२ को निर्णय समेत बदर गरी सुपथ र सुलभ न्याय पाऊ। साथै, लगाउमा रहेको मु.अ.कर तथा आयकरका सम्बन्धमा करदाताले पेश गरेका सबुत प्रमाण र मिसिल संलग्न कागजातलाई प्रस्तुत मुद्दामा समेत प्रमाण लगाई पाउँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०६।२५ मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र ।

६. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०२/०६ मा भएको आदेश ।

**ठहर खण्ड**

७. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता ईभर स्टार मोटर्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरुद्वय श्री भरत कुमार लकाई र श्री तारादेव जोशीले आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट जारी गरिएको भनिएको १५ दिने म्याद सूचना करदातालाइ प्राप्त नभएको, अन्तशुल्क निर्धारण गर्ने अधिकार क्षेत्र नै नरहेको कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश त्रुटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुकातर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री बिकास बन्जाराले आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट भएको अन्तःशुल्क निर्धारण, जरीवाना र विलम्व शुल्क निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

८. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर हुने गरी आन्तरिक राजस्व बिभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. सर्वप्रथम, पुनरावेदक करदातालाई प्रत्यक्ष असर पर्ने अन्तशुल्क निर्धारण प्रकृयामा करदातालाई सुनुवाईको मौका प्रदान नगरेको भन्ने प्रश्न उठाई पुनरावेदन जिकिर लिईएको देखिंदा सोही प्रश्नमा बिचार गर्नु पर्ने देखियो। यस आ.व. को नाफा नोक्सान हिसाव तर्फ औषत मुनाफा ८५.१ प्रतिशतले हुने रु.१५,६९,५८४।४ समेत जम्मा रु. ३४,१३,९८४।- लाई २०७२ आषाढ महिनाको थप विक्रि कायम गरी अन्तः शुल्क ऐन, २०५८ को दफा १० (घ) को उपदफा (१) खण्ड (ख) बमोजिम उक्त विक्री मूल्यको २० प्रतिशतले लाग्ने अन्तः शुल्क रु. ६,८२,७९७।००- निर्धारण गरी सोही ऐनको दफा १६ (१) (क) बमोजिम विगो ऐनको दफा ४ (ख) को उपदफा (२)

बमोजिम भुक्तानी गर्न बाँकी रकम रु.६,८२,७९७/- मा प्रति दिन ०.०५ प्रतिशतको दरले २०७६ कार्तिक २५ सम्मको लाग्ने बिलम्व शुल्क रु. ५,२९,१६८।-समेत जम्मा रु.१८,९४,७६२/-अन्तःशुल्क असुल गर्नु पर्ने गरी भएको आदेशले करदातालाई प्रत्यक्ष रुपमा असर गर्ने गरी निर्णय भएको देखिन्छ। अन्तःशुल्क निर्धारण गर्नु अघि सो विषयको जानकारी करदातालाई दिई आफ्नो सफाई पेश गर्ने मौका प्रदान गर्नुपर्नेमा आन्तरिक राजस्व कार्यालयबाट मिति २०७६।०८।१५मा भएको निर्णयमा सूचना बुझिलिनको लागी करदातालाई बारम्वार ताकेता गर्दा पनि पत्र बुझ्न अस्वीकार गरेको हुंदा यस कार्यालयको Email बाट मिति २०७६ कार्तिक १७ मा करदाताको esmpl@live.com मा सूचना पठाइएको साथै सोहि दिन नै उक्त सूचना हुलाक मार्फत करदाताको ठेगानामा समेत पठाइएको र सो सूचनाको सम्बन्धमा करदाताले हालसम्म पनि कुनै जवाफ तथा ठोस सबुत प्रमाण पेश नगरेको साथै सम्पर्कमा समेत नआएको हुंदा उपरोक्त बमोजिम जारी भएको प्रारम्भिक कर निर्धारण आदेशलाई करदाताले स्वीकार गरेको नै मान्नु पर्ने देखियो भन्ने व्यहोरा उल्लेख गरेको देखियो।

१०. अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. को उपदफा (२) मा " *उपदफा (१) बमोजिम अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।*" भन्ने व्यबस्था रहेको पाइन्छ। अन्तशुल्क नियमावली २०५९ को नियम ६(ख) को उपनियम (१) मा "*ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै कागजात देहायको अवस्थामा रीतपुर्वक दिएको वा बुझाएको मानिने छ।*" भन्ने व्यवस्था गर्दै खण्ड (क) मा "*कुनै व्यक्तिको ठेगानामा फ्याक्स इमेल वा त्यस्तै अन्य बिधुतीय माध्यम मार्फत पठाएको* "भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।प्रत्यर्थी कार्यालयवाट करदातालाई ईमेल मार्फत र हुलाकवाट रजिष्ट्री गरी सूचना प्रदान गरेको भने पनि सक्कल मिसिल हेर्दा हुलाकवाट पठाएको रजिष्ट्रीको रसिद मिसिल संलग्न देखिदैन भने Inland Revenue Department को वेवसाइटवाट प्रिन्ट गरेको IRD को mail screen को प्रतिलिपी हेर्दा esmpl@live.com मात्र उल्लेख भएको, त्यसमा पठाएको मिति करदाताको नाम र कुनै सूचना सम्वन्धी फाइल संलग्न भएको पनि देखिदैन। यसवाट करदाताले ईमेलवाट सूचना प्राप्त गरेको भन्ने विश्वसनीय आधार देखिन सकेन। साथै यी करदाता व्यवसायिक कारोवार छाडेर सम्पर्क विहिन रहेको करदाता नभै नियमित रुपमा कारोवार गरेको र कानून वमोजिमको अवधि भित्र कर विवरण पेश गरी कानूनको परिपालना गरिरहेको, विपक्षी कर कार्यालयको सम्पर्कमा नै रहेको करदाता देखिंदा निजलाइ कानून वमोजिम सूचना तामेल गर्न नसकिने कुनै अवस्था समेत देखिन आउदैन। यस्तै प्रश्न समावेश रहेको मुद्दामा श्री सर्वोच्च अदालतवाट प्रतिरक्षा गर्न समुचित मौका नदिइ स्वच्छ (Fair Trail) को प्रकृयामा र प्राकृतिक न्यायको सिद्धान्त

विपरित भएको कारवाही बदर हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको समेत देखियो[1]। अन्तशुल्क नियमावली २०५९ को नियम ६ख को उपनियम (३) मा "*उपनियम (२) र (३) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सकिनेछ। त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ।*" भन्ने कानूनी व्यवस्था रहेकोमा विपक्षी कार्यालयवाट सो प्रक्रिया अपनाएको पनि देखिएन। उक्त प्रतिपादित सिद्धान्तको रोहमा हेर्दा आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरबाट अन्तशुल्क निर्धारण गर्दा कानूनले निश्चित गरेको प्रक्रियाको पालना नगरेकोबाट आफुलाई मर्का पर्ने विषयमा प्रतिवाद गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्त समेत उल्लङ्घन भएको देखिन्छ। त्यसैले त्यस्तो कानूनको उचित प्रक्रिया सम्बन्धी त्रुटी गरी भएको अन्तशुल्क निर्धारणको आदेश र सोही आदेश सदर गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर गरी कानून बमोजिमको प्रक्रिया पुरा गरी पुनः अन्तशुल्क निर्धारणको लागि मिसिल शुरु कर कार्यालयमा पठाउन उपयुक्त हुने देखियो। यसरी विपक्षी कार्यालयहरुको निर्णय वदर भइ पुनःनिर्णयको लागि पठाउने ठहरेको हुँदा अधिकारक्षेत्र र हदम्याद लगायतका प्रश्नमा शुरु कार्यालयवाट पुनः विचार हुने नै हुँदा उक्त पुनरावदेन जिकिर सम्वन्धमा विवेचना गरिरहन परेन।

११. तसर्थ, माथी विवेचित आधार एवं कारण समेतबाट करदाता इभर स्टार मोटर्स प्रा.लि. (स्थायी लेखा नं.३०४९६१८४५) को आ.व. २०७१/०७२ को आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरबाट अन्तःशुल्क तर्फ अन्तिम कर निर्धारण गर्दा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. को उपदफा (२) वमोजिमको सूचना करदातालाई दिएको मिसिलबाट नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल भएको मिति २०७६।०८।१५ को आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णयमा समेत गम्भीर कार्यविधिगत त्रुटी देखिँदा उक्त दुवै निर्णय बदर गरिदिएको छ। अव यो फैसला प्राप्त भएपछि करदातालाई अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. को उपदफा (२) वमोजिम सूचना जारी गरी करदातालाई कार्यालयमा नै वुझाई निजले म्याद भित्र लिखित जवाफ सहित प्रमाण पेश गरेमा सो समेतलाई हेरी पुनः अन्तशुल्क निर्धारण गरिदिनु भनी तारिखमा रहेका करदातालाई आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरको तारिख तोकी मिसिल समेत पठाई दिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

---

[1] मोहन लक्ष्मी मास्के बिरुद्ध अर्थ मन्त्रालय ने.का.प.२०६७ नि.न.८२९४

## तपसिल खण्ड

१. माथी ठहर खण्डमा उल्लेख भए बमोजिम आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वर काठमाण्डौबाट आ.व. २०७१/०७२ को अन्तःशुल्क निर्धारण भएको निर्णय र आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७७।३।१२ मा भएको निर्णय समेत बदर भएकोले यो फैसला प्राप्त भएपछि अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. को उपदफा (२) वमोजिम सूचना जारी गरी करदातालाई कार्यालयमा नै वुझाई निजले म्याद भित्र लिखित जवाफ सहित प्रमाण पेश गरेमा सो समेतलाई हेरी आधार र कारणसहित पुनः अन्तशुल्क निर्धारण गरिदिनु भनी तारिखमा रहेका करदातालाई आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वरको तारिख तोकी यो फैसला सहित मिसिल आन्तरिक राजस्व कार्यालय नयाँ बानेश्वर काठमाण्डौमा लेखी पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

(बासुदेव खनाल)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः खेमकुमारी बस्नेत
कम्प्यूटर टाईपः चन्द्रबहादुर नेपाली
फैसला मितिःईति सम्वत् २०७९ साल फाल्गुण २८ गते रोज १ शुभम् -----------------
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणिकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप